"कृषि, पर्यटन, व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

## नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय


भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८


**पत्र संख्याः २०८२/०८३** | **मितिः २०८२/१२/१५**

**चलानी नं.:** १२५४ | **ने.सं.: चौलाथ्व, ११४६**

---

## सूचना ! सूचना !! सूचना !!!

यस नमोबुद्ध नगरपालिकाको कार्यालयबाट सूचना प्रविधिको प्रयोगमार्फत छिटो, प्रभावकारी तथा भरपर्दो माध्यमबाट आम नगरबासीमा सूचना सम्प्रेषण गर्ने उद्देश्यले यस नगरपालिकाको आधिकारिक फेसबुक पेज **"Hello Namobuddha Municipality (हेलो नमोबुद्ध नगरपालिका)"** सञ्चालनमा रहेको छ। हालका दिनहरूमा यस कार्यालयको नाम, चिन्ह, तथा लोगो अनधिकृत रूपमा प्रयोग गरी नक्कली फेसबुक पेज/ अकाउन्ट सृजना गरी भ्रामक तथा अप्रमाणित सूचना तथा जानकारीहरू प्रकाशन भइरहेको पाइएकाले यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। अतः, यसरी अनधिकृत रूपमा नमोबुद्ध नगरपालिका कार्यालयको नाम, चिन्ह, लोगो वा आधिकारिक पहिचान प्रयोग गरी फेसबुक पेज/ अकाउन्ट सृजना गर्ने तथा भ्रामक सूचना पोष्ट गर्ने/गराउने कार्य **विद्युतीय कारोबार ऐन, २०६३** बमोजिम गैरकानूनी कार्य हुने हुँदा यस नगरपालिका वा मातहतका कार्यालयहरुको नाम, चिन्ह, वा लोगो प्रयोग गरी खोलिएका त्यस्ता फेसबुक पेज/ अकाउन्टहरू यस सूचना प्रकाशित भएको मितिले **३ (तीन) दिन भित्र अनिवार्य रूपमा बन्द** गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने तथा सम्बन्धित निकायमा लेखी पठाउन बाध्य हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२/१२/१५

..................................................

( कृष्ण गिरी )

प्रमुख प्रशासकीय अधिकृत